शुभारम्भ...शिवम्सँग

SHIVAM CEMENT
ASALI OPC CEMENT SINCE 2003

COM. REG.No. : 137210/072/73
VAT/PAN No. : 302436213

NS QUALITY AWARD-2019
प्रथमद्वारा पुरस्कृत संस्था

च.नं. २३८ ।०८१।०८२

मितिः २०८१।०८।२८ गते ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषयः लाभांश तथा शेयर दाखिला खारेज सम्बन्धि जानकारी गराइएको बारे ।**

महोदय,

उपरोक्त विषयमा यस शिवम् सिमेन्ट्स लिमिटेडको मिति २०८१।०८।२७ गते बिहिबार दिनको ४:३० बजे देखि ६:३० बजे सम्म बसेको संचालक समितिको १३३औं बैठकको निर्णय अनुसार आ.व.२०८०/०८१ को वार्षिक साधारण सभा बोलाउने र साधारण सभाबाट पारित भएपछि शेयरधनीहरुलाई वितरण गर्ने लाभांश समेतका तपसिल अनुसारका विषयहरु प्रस्ताव गर्ने निर्णय भएकोले सोही अनुसार ताँहाको जानकारीका लागी सादर अनुरोध गर्दछौं ।

तपसिल :

(१) आ.व.२०८०/०८१ को वार्षिक साधारण सभा मिति २०८१।०९।२९ गते सोमबार बिहान ९ बजे राष्ट्रिय सभागृह सिटी हल भृकुटीमण्डप काठमाडौंमा बस्ने गरी बोलाउने ।

(२) कम्पनीको चुक्ता पूंजी रु. ५,०२,७०,००,०००।- को ८.५५% का दरले हुन आउने रु.४२,९८,०८,५००।-(बयालिस करोड अन्ठानब्बे लाख आठ हजार पाँच सय रुपैंया) बराबरको बोनस शेयर र चुक्ता पूंजी को ०.४५% का दरले हुन आउने रु.२,२६,२१,५००।-(दुई करोड छब्बिस लाख एक्काईस हजार पाँच सय रुपैंया) (कर प्रयोजनका लागी) नगद लाभांश साधारण सभाबाट पारित भएपछि वितरण गर्न प्रस्ताव गर्ने ।

(३) कम्पनीको आ.व.२०८०/०८१ को वार्षिक साधारण सभा प्रयोजनका लागी मिति २०८१।०९।१७ गते एक दिन कम्पनीको शेयर दाखिला खारेज कार्य बन्द रहने ।

साथै कम्पनी ऐन २०६३ बमोजिम साधारण सभाको लागी सम्बन्धित सरोकारवाला, शेयरवालाहरुलाई जानकारी गराउने प्रयोजनका लागी राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरिने व्यहोरा समेत सादर अनुरोध छ ।

SHIVAM CEMENTS LIMITED * NEPAL *

भवदीय,

(ज्योति थापा)

वित्त प्रमुख